**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कीर्तिपुर, काठमाडौं**

# Disel Engine Car खरिदका लागि सिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७४/०६/३१)**

यस नगरपालिकाको चालू आ.व. ०७४/०७५ को स्वीकृत कार्यक्रम अनुसार Disel Engine Car थान - १ सिलवन्दी बोलपत्रद्वारा खरिद गर्नु परेकोले ईच्छुक सम्बन्धित कार्यको अनुभवी रजिष्टर्ड कम्पनी/फर्म/निर्माता/सप्लायर्सबाट चालु आर्थिक वर्षका लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, व्यवशाय कर प्रमाण पत्र लगायत अन्य आवश्यक कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

१) बोलपत्र फाराम खरीद गर्नको लागि व्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ ।

२) सिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र रु ३,०००।- (पछी फिर्ता नहुने) तिरी निवेदनका साथ सक्कल रसिद संलग्न राखि बोलपत्र फाराम खरीद गरी ३१ औं दिनको मध्यान्हः १२:०० बजे भित्र दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएका सिलबन्दी बोलपत्रहरु बोलपत्रदाता वा निजको वारेसको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । निजहरु उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

३) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) सिलबन्दी बोलपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ ।

४) सिलबन्दी बोलपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टी कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

५) सिलबन्दी बोलपत्र साथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत) ले हुने रकम धरौटीको रुपमा यस नगर कार्यपालिकाको कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैक, टेकुमा रहेको धरौटि खाता न. १७००३०३००३००५ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले **जारी गरेको** जमानी पत्र संलग्न भएको हुनुपर्नेछ ।

६) बोलपत्रमा कबोल अंक मूल्य अभिवृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ ।

७) खरीद गरिने सवारी साधन (Disel Engine Car) बोलपत्र फारम साथ रहेको स्पेशिफिकेशनमा उल्लेखित मापदण्ड अनुसारको हुनु पर्ने छ

८) यस बोलपत्र सम्बन्धी अन्य कुनै पनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना शाखा/खरिद ईकाई वा फो.नं. ०१४३३१११० वा ईमेल ठेगाना ict.munkirtipur@gmail.com वा www.kirtipurmun.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

९) बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

१०) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय